Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

सघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

खबर

माझखर्क साप्ताहिकको सह-प्रकाशन

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ।
वार्षिक, अर्द्धवार्षिक वा त्रैमासिकमा ७५ प्रतिशतसम्म छुट छ।
सम्पर्क: ९८५२८३५८८८

बर्ष-१६, अंक २९३ वैशाख ३० गते बिहिबार,२०७८, May-13 Thursday, 2021, यलेदुङ किरात सम्वत) ५०८०, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ पृष्ठ-४ मूल्य रु. ५/- www.majhkharka.com



**उदयपुरको रमणीय पोखरी बजार** । रौतामाई गाउँपालिका ५ आँपटारमा रहेको पोखरी बजार १३३ किलोमिटर लामो गाईघाट दिक्तेल सगरमाथा लोकमार्गको ४८ किलोमिटरमा छ। सगरमाथा लोकमार्ग कालेपत्रे हुँदै गएपछि बजार बढ्दै गएको छ।

*तस्बिर - बिधायक राई ।*

## अटो दुर्घटनामा बालकको मृत्यु

❖ मुलुकी संवाददाता

*खोटाङ, वैशाख २९*

खोटाङ जन्तेढुंगा गाउपालिकामा अटो दुर्घटना हुँदा एक बालकको मृत्यु भएको छ भने ४ घाईते भएका छन्।




मंगलबार विहान १०:०० बजे घोर्लेबाट बिरामी बोकेर चिसापानीतर्फ जादै गरेको लु १ स ०३५० नम्बरको अटो टेम्पु तारेभीरबाट अन्दाजी ५०० मिटर तल खस्दा सोही ठाउँका १३ वर्षीय गोकुल परियारको मृत्यु भएको छ।

इलाका प्रहरी कार्यालय चिसापानीका अनुसार परियारको उपचारका लागि धरान ल्याउने क्रममा बेलुका ५:०० बजेबाटौमै मृत्यु भएको हो। दुर्घटनामा परी टेम्पु चालक जेन्तेढुंगा ४ का ३३ वर्षीय जीवन राई, चालककै छोरा ७ महिने जर्मन राई, जेन्तेढुंगा ५ का १६ वर्षीय मणिराम राई र सोही ठाउँका ६५ वर्षीय रत्नबहादुर राई घाईते भएका छन्।

घाईतेमध्ये मणिराम राईको स्थानीय स्वास्थ्य केन्द्रमै उपचार भईरहेको छ भने बाँकीको घोपामा उपचार भईरहको छ।

घटनाको जानकारी पाएपछि इप्रका चिसापानीबाट प्रहरी खटेको टोलीले घाईतेको उद्धार गरी उपचारर्थ धरान लगेको हो।

# कोविडको उपचार अव जिल्ला अस्पतालबाटै

❖ रेनुका राई

*गाईघाट, वैशाख २९*

प्रदेश १ का सबै जिल्ला अस्पतालमा कोरेनाको उपचार सुरू गरिने भएको छ। १ नं. प्रदेशसभाको सामाजिक विकास समितिको बुधबार सम्पन्न सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिएको छ। बुधबार बसेको प्रदेशसभाको सामजिक विकास समितिको बैठक्ले प्रदेशका सबै जिल्ला अस्पतालमा कोरोनाको उपचार सुरू गर्न निर्देशन दिएको हो।




बैठकले उपचार सेवाका लागि पूर्वाधार तयार भएका उदयपुर, सुनसरी, धनकुटा, पाँचथर र संखुवासभा जिल्ला अस्पतालमा तत्काल कोभिड उपचार सेवा सुरू गर्न निर्देशन दिएको छ। समितिले अन्य जिल्ला अस्पतालमा पनि तत्काल पूर्वाधार तयार गरी उपचार सेवा सुरू गर्न निर्देशन दिएको सामाजिक विकास समितिकी सभापति सरिता थापाले बताईन्।

समितिले प्रदेशको अधिकारक्षेत्र भित्र रहेका सबै निजी अस्पतालमा कोरेनाको उपचार सेवा सुरू गर्न पनि निर्देशन दिएको छ। प्रदेश सरकारले निर्माण गरेको कोशी कोभिड अस्पताल हाल बन्द रहेको र धरानस्थित विपी स्वास्थ्य विज्ञान प्रतिष्ठानको १ सय ५० वेडमध्ये ३० वेड मात्रै सञ्चालनमा रहेकाले दुवै अस्पताललाई पूर्ण क्षमतामा सञ्चालन गर्न पनि सामाजिक विकास मन्त्रीलाई निर्देशन दिएको छ।

स्थानीय तहहरूको सहकार्यमा आइसोलेसन र होल्डिङ सेन्टर बनाउने, सीमानाकालाई थप व्यवस्थित बनाउने, अक्सिजन आपूर्ति व्यवस्थित बनाउने निर्णय पनि गरेको छ। होल्डिङ सेन्टरलाई २४ सै घण्टा विद्युत आपूर्ति सहज बनाउन पनि समितिले निर्देशन दिएको छ। संक्रमित सबैको उपचारमा सचेत रहन तथा कोभिडविरुद्ध खोप उपलब्ध गराउन आग्रह गर्दै समितिले पहिलो डोज खोप लगाएकालाई दोस्रो डोज खोपको व्यवस्था गर्न आग्रह गरेको छ। त्यसैगरी अनुगमनका क्रममा वि एण्ड सी अस्पताल र विराट मेडिकल कलेजले अनुचित धरौटी लिइरहेको पाइएकाले निजी अस्पतालले यरी धरौटी लिन नपाउने व्यवस्था गर्न पनि समितिले सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ।



पाण्डे श्री सप्लायर्स & ट्रेडर्स

त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको।
प्रोपाइटर:-**बिनोदकुमार पाण्डे**
सम्पर्क:- ९८५२८३०५८२
*यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# बर्तमान राजनीतिमा प्रचण्डको भूमिका

❖ गोपाल किराती

माओकालीन 'महान् बहस' पुस्तक पल्टाएर पढे हुन्छ, सन् १९५९ मा मस्कोमा कम्युनिस्टहरूको अन्तर्राष्ट्रिय सम्मेलन भयो । त्यहाँ माओले रुसी संशोधनवादविरुद्ध 'अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको आम कार्यदिशा' प्रस्तावित गरे। त्यस सम्मेलनमा सहभागी पुष्पलालले सो प्रस्तावको समर्थन गरे ।त्यसै आधारमा पछि पार्टी पुनर्गठन गर्दा पुष्पलालले नेपाली क्रान्तिको कार्यक्रम नयाँ जनवादी क्रान्ति भनी निर्धारण गरे । अत: प्रमाणित हुन्छ, 'आम कार्यदिशा' उल्लङ्घन गर्दै सर्वहारा अन्तरराष्ट्रवाद विरुद्ध जाइलाग्ने खुस्चेबको नेपालस्थित सोभियत दूतावास धाएर पुष्पलालले चीनविरुद्ध अमेरिकी सीआईडीगिरी गर्नुपर्ने कुनै स्थिति नै देखिँदैन । बरु त्यो काम त तेस्रो महाधिवेशनमा खुस्चेबको राष्ट्रिय प्रजातन्त्रको लाइन थोपरेर महासचिव बन्दै पार्टी विसर्जन गरेका तुलसीलाल अमात्यले गरेका हुन्, भन्ने पो ठहर्छ ।

अत: विश्लेषकको पगरी भिरेकाहरूले तथ्यको आधारमा बोल्न जान्नुपर्छ । अन्यथा खड्गप्रसाद ओलीजस्तै भष्मासुरे ताल हुने तथा देश र समाज भाँडिने मात्र हुन्छ ।

**१. सोभियत छाताको अभावमा उत्पीडित राष्ट्रहरूको अवसान**

भनिन्छ, खोक्रो नै भए पनि सोभियत सङ्घ रहँदासम्म विश्वका उत्पीडित तथा क्रान्तिकारी राष्ट्रहरू सुरक्षित देखिन्थे । जब सन्१९९० मा सोभियत सङ्घ ढल्यो, उत्पीडित राष्ट्रका शासकहरूको हत्या शृङ्खला तीव्र रूपमा बढ्यो । आफ्नै अभिजात वर्गीय आर्थिक जीवनशैली पनि जिम्मेवार थियो । तर बाह्य रूपमा अमेरिकी साम्राज्यवादको प्रहार निर्णायक ठहरियो, जसबाट रुमानियाका राष्ट्रपति निकोलाई चाउचेस्कु नराम्ररी मारिए । इराकका सद्दाम हुसेन, लिबियाका कर्णेल गद्दाफी हुँदै नेपालका राजा वीरेन्द्रको वंश विनाश भयो । मुस्लिम विद्रोही ओसामा बिन लादेनको हत्या पनि यसै सिलसिलाको उपज भन्न सकिन्छ ।

यद्यपि सोभियत सङ्घ हुँदै इन्डोनेसियाका सुकार्नो, चिलीका एलेन्डे तथा भोलिभियामा अर्नेस्टो चे ग्वेभाराको हत्या शृङ्खला चलेकै थियो । क्युबाका फिडेल क्यास्त्रो र भेनेजुयलाका ह्युगो चाभेजलाई पटक पटक मार्न खोजियो । भियतनामका हो ची मिन्हले भने प्रतिरोध सफल गरे । मार्क्सवादको कुशल प्रयोगद्वारा लेनिन-स्टालिनले सोभियत समाजवाद स्थापना गरे । योग्य उत्तराधिकारी स्टालिनद्वारा त्यसको रक्षा गर्दै निर्माण कार्य र दोस्रो विश्वयुद्धमा विजयबाट सोभियत सङ्घलाई विश्व महाशक्तिमा उठाउने काम भयो । सन् १९५३ मा स्टालिनको निधनपछि कम्युनिस्ट पार्टी र समाजवादी सत्ताविरुद्ध प्रतिक्रान्ति गरे पनि सोभियत सङ्घको संरचनागत महाशक्ति भने ख्रुस्चेब हुँदै गोर्बाचोभसम्मकै निम्ति जरुरी थियो ।

यसै आधारमा माओवादी तथा पूर्व माओवादीबीच हामीले महाध्रुवीकरणबारे छलफल प्रारम्भ पनि गरेका छौँ । ओलीतन्त्रविरुद्ध जोसुकैसँग कार्यनीतिक गठबन्धनमा हामीलाई आपत्ति छैन तर देश र जनताको हितमा इन्डो-अमेरिकी प्रपञ्चको एमसीसी खारेज गर्दै अहिलेको पुँजीवादी गणतन्त्रको रक्षा र यसलाई समाजवादी गणतन्त्रमा बदल्न स्पष्ट खाकासहित श्रमिकवर्गीय जीवनशैलीमा रूपान्तरण सङ्कल्पको कार्यभार उठाउने दीर्घकालीन योजनामा डट्ने हो भने प्रचण्डलाई हामीले साथ दिनुपर्ने वस्तुस्थिति स्वत: उपस्थित हुनेछ । जहाँ माओवादी तथा पूर्व माओवादी र सम्पूर्ण कम्युनिस्टहरू एवं देशभक्तहरू एक पटक सङ्गठित शक्तिमा परिणत हुनेछन् । जसले स्वाधीन र समृद्ध नेपालको आधुनिक जग स्थापित गर्नेछ र कमरेड प्रचण्ड भियतनाममा हो ची मिन्ह हुँदै क्युबामा क्यास्त्रो तथा भेनेजुएलामा ह्युगो चाभेजझैँ गणतन्त्र नेपालको अविभावक बन्न सक्ने छन् ।

यसरी आफ्नो पुँजीवादी सत्ता स्वार्थका लागि नै भए पनि सन्१९९० सम्म सोभियत सङ्घलाई सुरक्षित गर्नैपर्ने रुसी साम्राज्यवादी शासकहरूको उपस्थिति वार्सा सङ्गठन निकट उत्पीडित राष्ट्रहरूका निम्ति रक्षाकवच तथा संयुक्त राज्य अमेरिकाको निम्ति चुनौती बनेको थियो । अत: घटनाक्रमले पुष्टि गर्छ, आफ्नो तयारी नपुग्दासम्म क्रान्तिकारी विरासतका रूपमा स्थापित अभिभावकत्वको सख्त जरुरत पर्छ ।

**२. अमेरिकी साम्राज्यवाद र नेपाल**

आफ्नो पुस्तक 'माङ्गेना : नेपाल मन्थन' मा युग पाठक लेख्छन्, '१०४ वर्षको राणाशासन ढल्नु ठीक महिना दिनअघि नेपालमा एक अमेरिकी मिसन टोली घुस्यो र त्यसले २ हजार २०० अमेरिकी डलर अनुदान दिएर गयो । त्यो नै नेपालमा पहिलो आर्थिक अनुदानको बल्छी थियो ।' सन् १७७६ को स्वाधीनता सङ्ग्रामका कारण अमेरिका र बेलायत बीचको सम्बन्ध कडा शत्रुतामा आधारित थियो । त्यसैले ब्रिटिस-भारत प्रभावका राणा शासन रहेसम्म अमेरिकाले टेक्ने आँट गरेन ।

भित्रभित्रै अमेरिकाले नेपाललाई चीनविरोधी अखडा बनाउने आफ्नो काम गरिरह्यो, बाहिर भने बेलायतको ठाउँ भारतले लिएको देखाउने गरिरहे । खम्पा विद्रोहको प्रपञ्चमार्फत सफल सैनिक गतिविधिमा उत्रेको अमेरिका शेरबहादुर देउवा गृहमन्त्री हुनासाथ सैन्य राजनीतिक आधार खडा गर्न सफल भयो । जसको तीव्रता नारायणहिटी काण्ड हुँदै इन्डो-प्यासिफिक रणनीतिको एमसीसीसम्म पुग्दैछ । भारतले कथित ठुल्दाइको रवाफ दर्साइरह्यो। यसैलाई देखाएर महेन्द्रले बहुदलीय प्रणाली हटाइदिए । काँग्रेस- वाममोर्चा मिलेर १९९० मा बहुदल पुनर्स्थापना भयो । त्यसमा भारतीय नेता चन्द्रशेखरको प्रत्यक्ष गरे । होलेरीमा असफल सैनिक परिचालन देखाउँदै गिरिजाले राजीनामा दिए । देउवा प्रधानमन्त्री भए । वार्ता मिलेन । सीधै अमेरिकी योजनामा माओवादीविरुद्ध शाहीसेना परिचालन र सङ्कटकाल थोपरियो । दलहरूमा हाबी भारतीय प्रभावले देउवालाई अन्तत: साथ दिन इन्कार गऱ्यो । देउवालाई 'असक्षम' घोषित गर्दै राज्य शक्ति ज्ञानेन्द्र स्वयंले हत्याउन पुगे । अमेरिका र दाजु वीरेन्द्रको दुईवटा लाइन एकैचोटि प्रयोग गर्दा ज्ञानेन्द्र असफलसिद्ध हुन गए । त्यो थियो, अमेरिकी सेवामा माओवादी समाप्त पार्ने र दाजुलाई देखाउँदै खासगरी महेन्द्रको सेवामा दलहरूलाई समाप्त पार्ने । तर नेपाली जनता जागेको दिन ज्ञानेन्द्रको मूर्खताले राजतन्त्र ढल्यो, माओवादीले भनेको आधा मात्र भए पनि गणतन्त्र आयो ।

**३. प्रचण्डको अहम् कार्यभार**

विचारधारामा माओवादको अडान तथा राजनीतिमा खड्ग ओली प्रतिको कठोर विद्रोहभावका कारण हामी छुट्टिएका थियौँ । परिबन्दले नै सही, प्रचण्डहरू माओवादमा आइपुगेका छन् भने ओलीविरुद्ध सम्झौताहीन सङ्घर्ष गरिरहेका छन् । यसै आधारमा माओवादी तथा पूर्व माओवादीबीच हामीले महाध्रुवीकरणबारे छलफल प्रारम्भ पनि गरेका छौँ । ओलीतन्त्रविरुद्ध जोसुकैसँग कार्यनीतिक गठबन्धनमा हामीलाई आपत्ति छैन तर देश र जनताको हितमा इन्डो-अमेरिकी प्रपञ्चको एमसीसी खारेज गर्दै अहिलेको पुँजीवादी गणतन्त्रको रक्षा र यसलाई समाजवादी गणतन्त्रमा बदल्न स्पष्ट खाकासहित श्रमिकवर्गीय जीवनशैलीमा रूपान्तरप सङ्कल्पको कार्यभार उठाउने दीर्घकालीन योजनामा डट्ने हो भने प्रचण्डलाई हामीले साथ दिनुपर्ने वस्तुस्थिति स्वत: उपस्थित हुनेछ । जहाँ माओवादी तथा पूर्व माओवादी र सम्पूर्ण कम्युनिस्टहरू एवं देशभक्तहरू एक पटक सङ्गठित शक्तिमा परिणत हुनेछन् । जसले स्वाधीन र समृद्ध नेपालको आधुनिक जग स्थापित गर्नेछ र कमरेड प्रचण्ड भियतनाममा हो ची मिन्ह हुँदै क्युबामा क्यास्त्रो तथा भेनेजुएलामा ह्युगो चाभेजझैँ गणतन्त्र नेपालको अविभावक बन्न सक्ने छन् ।

महान जनयुद्धदेखि गणतन्त्र घोषणा गर्दै संविधान निर्माण र कार्यान्वयनसम्मको एक सहयोद्धाको सचेत आग्रह र सम्भव अपेक्षा हो यो । आगे प्रचण्ड र उहाँका सल्लाहकारहरूको विचार । *बाँकी ३ पेजमा*



## बर्तमान ......

काँग्रेस- वाममोर्चा मिलेर १९९० मा बहुदल पुनर्स्थापना भयो । त्यसमा भारतीय नेता चन्द्रशेखर को प्रत्यक्ष गरे। होलेरीमा असफल सैनिक परिचालन देखाउँदै गिरि जाले राजीनामा दिए । देउवा प्रधानमन्त्री भए । वार्ता मिलेन । सीधै अमेरिकी योजनामा माओवादीविरुद्व शाहीसेना परिचालन र सङ्कटकाल थोपरियो । दलहरूमा हाबी भारतीय प्रभावले देउवालाई अन्ततः साथ दिन इन्कार गऱ्यो। देउवालाई 'असक्षम' घोषित गर्दै राज्य शक्ति ज्ञानेन्द्र स्वयंले हत्याउन पुगे । अमेरिका र दाजु वीरेन्द्रको दुईवटा लाइन एकैचोटि प्रयोग गर्दा ज्ञानेन्द्र असफलसिद्ध हुन गए। त्यो थियो, अमेरिकी सेवामा माओवादी समाप्त पार्ने र दाजुलाई देखाउँदै खासगरी महेन्द्रको सेवामा दलहरूलाई समाप्त पार्ने। तर नेपाली जनता जागेको दिन ज्ञानेन्द्रको मूर्खताले राजतन्त्र ढल्यो, माओवादीले भनेको आधा मात्र भए पनि गणतन्त्र आयो ।

### ३. प्रचण्डको अहम् कार्यभार

विचारधारामा माओवादको अडान तथा राजनीतिमा खड्ग ओली प्रतिको कठोर विद्रोहभावका कारण हामी छुट्टिएका थियौं । परिबन्दले नै सही, प्रचण्डहरू माओवादमा आइपुगेका छन् भने ओलीविरुद्ध सम्झौताहीन सङ्घर्ष गरिरहेका छन् । यसै आधारमा माओवादी तथा पूर्व माओवादीबीच हामीले महाध्रुवीकरणबारे छलफल प्रारम्भ पनि गरेका छौं । ओलीतन्त्रविरुद्ध जोसुकैसँग कार्यनीतिक गठबन्धनमा हामीलाई आपत्ति छैन तर देश र जनताको हितमा इन्डो-अमेरिकी प्रपञ्चको एमसीसी खारेज गर्दै अहिलेको पुँजीवादी गणतन्त्रको रक्षा र यसलाई समाजवादी गपतन्त्रमा बदल्न स्पष्ट खाकासहित श्रमिकवर्गीय जीवनशैलीमा रूपान्तरण सङ्कल्पको कार्यभार उठाउने दीर्घकालीन योजनामा डट्ने हो भने प्रचण्डलाई हामीले साथ दिनुपर्ने वस्तुस्थिति स्वतः उपस्थित हुनेछ। जहाँ माओवादी तथा पूर्व माओवादी र सम्पूर्ण कम्युनिस्टहरू एवं देशभक्तहरू एक पटक सङ्गठित शक्तिमा परिणत हुनेछन्। जसले स्वाधीन र समृद्ध नेपालको आधुनिक जग स्थापित गर्नेछ र कमरेड प्रचण्ड भियतनाममा हो ची मिन्ह हुँदै क्युबामा क्यास्त्रो तथा भेनेजुएलामा ह्युगो चाभेजझैं गणतन्त्र नेपालको अविभावक बन्न सक्ने छन् ।

महान जनयुद्धदेखि गणतन्त्र घोषणा गर्दै संविधान निर्माण र कार्यान्वयनसम्मको एक सहयोद्धाको सचेत आग्रह र सम्भव अपेक्षा हो यो । आगे प्रचण्ड र उहाँका सल्लाहकारहरूको विचार । (साभार सामग्री)

## मंगलबार गाईघाटमा बजारमा तरकारीको मूल्य

प्रति केजी)

| | | |
|---|---|---|
| १, | लटटे साग | रु ४० |
| २, | अदुवा | रु १२० |
| ३, | टमाटर | रु ३० |
| ४, | बन्दा | रु ४० |
| ५, | भेन्टा | रु ४० |
| ६, | खुर्सानी | रु १२० |
| ७, | मुला | रु ४० |
| ८, | पर्बल | रु ८० |
| ९, | तितेकरेला | रु ६० |
| १०, | भिन्डी | रु ६० |
| ११, | च्याउ | रु २०० |
| १२, | फुलकोबी | रु १०० |
| १३, | फर्सि | रु ३० |
| १४, | कटहर | रु ६० |
| १५, | काक्रा | रु ३० |
| १६, | धनियाँ | रु १०० |
| १७, | लोकलबोडि | रु ६० |
| १८, | खर्बुजा | रु ४० |
| १९, | रायो साग | रु ८० |
| २०, | प्याज नयाँ | रु ४० |
| २१, | प्याज पुरानो | रु ५० |
| २२, | आलु सेतो | रु ३० |
| २३, | आलु रातो | रु ४० |

*नोटः तोकिएको खुद्रा मूल्यमा केही थपघट हुन सक्नेछ।*

स्थानीय उत्पादन उपयोग गरौं,
रौता साबुन नै प्रयोग गरौ !



हामी सबैको
रोजाइ रौता साबुन









# ललितपुर फाइनल नजिक

❖ बिबेक राई

*गाईघाट, बैशाख २९*

बुटवल लुम्बिनी एफसीलाई १(० ले हराउँदै ललितपुर सिटि एफसी खुकुरी सुपर लिगको फाइनल नजिक पुगेको छ। इलिमिनेटर खेलको रुपमा रहेको प्रतिस्पर्धामा बाजीमार्न सफलभएसँगै ललितपुर क्वालिफायर खेलको लागि स्थानबनाउन सफलभयो। क्वालिफायर खेलमाललितपुरले काठमाडौँसँगफाइनलप्रवेशको लागिप्रतिस्पर्धा गर्नेछ। एकदिनअघि मंगलबार भएको पहिलो क्वालिफायर खेलमाकाठमाडौँलाई हराउँदै धनगढि फाइनलपुगिसकेको छ।

काठमाडौँ र धनगढि शीर्ष चारको पनिशीर्ष दुईभित्र पर्न सफलभएकोले विजेता धनगढिले सोभै फाइनल खेल्ने अवसर र पराजितभएपनि काठमाडौँले थप एक मौका पाएको हो। यताशीर्ष चारको तेस्रो ललितपुर र चौथो बुटवलबीचको खेलमा पराजितभएसँगै बुटवल बाहिरिएको छ भने ललितपुरले दोस्रो क्वालिफायर खेल खेल्नेछ। ललितपुर र काठमाडौँबीचको विजेताले बल्लफाइनलमा धनगढिसँग प्रतिस्पर्धा गर्नेछ।

त्रिपुरेश्वरस्थीत दशरथ रंगशालामा बुधबार साँझ ५:३० बजेको खेलमाद्वै टोलीले प्रतिस्पर्धात्मक खेल पस्केका थिए। तर ६२ औँ मिनेटमा कप्तानत था मार्की प्लेयर अञ्जन विष्टले डाइभिङ हेडगोल गरेपछि ललितपुर भाग्यमानी साबित भयो। ४(५(१ को रणनीतिमा मैदान उत्रिएको एकमिनेटपछि नै लाखे टोलीभनेर चिनिएको ललिपतपुर फेरि गोल गर्नबाट चुक्यो। बुटवलका गोलरक्षक विशालश्रेष्ठले पञ्च गरेर आएको रिबाउण्ड बलमाद्रोणा थापाएकदमै नजिकको दूरीबाट गोल गर्न चुकेका थिए। ६२ औँ मिनेटमा गोल व्योहोरेपछि बुटवलले गोल फर्काउने धेरै अवसरहरुको सिर्जना गरेको थियो। ६७औँ मिनेटमा अबिषेक रिजालको पासमा सुमन लामाले डिबक्सभित्रबाट गरेको प्रहार पोलको थोरै माथिहुँदै बाहिरिएको थियो।

गोल फर्काउनुलाई बुटवलका प्रशिक्षक सनोज श्रेष्ठ र म्यानेजर राजुकाजीशाक्यले लगालगदुई परिवर्तन गरेका थिए। ६७औँ मिनेटमा अभिषेक रिजालको ठाउँमा दिपेश आले मगर र ७१ औँ मिनेटमा लक्ष्मण रुचालको ठाउँमा मानबहादुर परियारलाई पठाएका थिए। तर यस परिवर्तनले खेलमाथपप्रभावपार्न सकेन। उल्टै ८१ औँ मिनेटमा बुटवलले दोस्रो पहेँलो कार्ड पायो। ललितपुरका विदेशी खेलाडी नुर्लानले उनलाई कुहिनाले हानेका थिए र उनले फ्रिकिक मौका जीतेका पनिथिए।

तर रिसमा उनले नुर्लानलाई लात्ताले हानेबापतपहेँलो कार्ड पाएकाथिए। ८३ औँ मिनेटमा ललितपुरले गोल थप्ने मौका खेर फालेको थियो। बुटवलका कप्तान बिराजमहर्जनले अञ्जनलाई लडाएबापत बिराजले पहेँलो कार्ड र ललितपुरले फ्रिकिक मौका पाएको थियो। मिक्चेन तामाङको उक्त फ्रिकिकप्रहार थोरैले गोलपोष्टमाथि हुँदै बाहिरिएको थियो। यता बुटवलका विलियमले निर्धारित ९० मिनेटपछिको चार मिनेटको इन्ज्यूरी समयको दोस्रो मिनेटमा सुन्दर मौका खेर फाले। डिबक्सभित्र एकदम नजिकबाट पाएको मौकालाई पनिउनले धेरै नै माथि बल प्रहार गरेपछि बुटवलको अन्तिम मौका खेर गएको थियो।

जीतपछि प्रशिक्षक राजुतामाङ ललितपुरलाई फाइनलनजिक पुऱ्याउन सफलभएका छन्। समुहचरणमा लगातार चार खेल जीतविहिन भएपछि टोलीले नियमितप्रशिक्षकप्रदिपहुमागाइँलाई बर्खास्त निर्णय गरेको थाहापाउनसाथहुमागाइँले राजीनामापत्र लेखेका थिए। त्यसपछि सहायकप्रशिक्षकतामाङले प्रशिक्षकको जिम्मेवारी सम्हाल्दै बाँकीदुई खेल जीताउँदै टोलीलाई शीर्ष चारमा ल्याएका थिए। यसअघि समुह चरणको भेटमा पनिललितपुरले बुटवललाई १(० ले नै हराएको थियो।

संयोग कस्तो रह्यो भने पहिलो क्वालिफायर खेलमा काठमाडौँलाई हराउँदै फाइनलपुगिसकेको धनगढिले पनि समुह चरणको भेटमा काठमाडौँलाई हराएको थियो। खेलपछि ललितपुरका मिडफिल्डरमिक्चेन निभियाइमर्जिङ प्लेयर हुँदै गिफ्ट ह्याम्पर र दशहजार हातपार्न सफलभए। ललितपुरकै गोलरक्षक अर्पण कार्कीले हुवावे सुपर प्लेयर हुँदै ट्रफि र पच्चिस हजार हातपारे। ललितपुरले आज नै फाइनल प्रवेशको लागि काठमाडौँसँग साँझ ५:३० बजे प्रतिस्पर्धा गर्नेछ।








त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व पटी मन्दिर अगाडी।
प्रोपाइटरः–**थमान चामलिङ राई**
सम्पर्कः– ९८४२९७५८७७, ९८१९७३८६८३
*यहाँ अण्डा डिलर होलसेल तथा खुद्रा मुल्यमा बिक्री गरिन्छ। पानी, थुक्पा, सस, स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु, खुद्रा तथा होलसेल मुल्यमा पाईन्छ।*




हिमाल,पहाड,तराई,
सहरदेखि गाउँ-गाउँसम्मको रोजाई
पबित्र रौता पोखरीको मुहान त्रियुगा
नदीबाट उत्पादित शुद्ध मिनिरल वाटर
रौता पानी
सँधै सबैले प्रयोग गरौं।
प्रोपाइटर - पर्शुराम चौधरी
त्रिनपा - ३ मोतिगडा, उदयपुर
सम्पर्क - ९८५२८३५०३७








माझखर्क साप्ताहिकको सह प्रकाशन मुलुकी दैनिक

प्रकाशक/संस्थापक संपादकः महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट